**लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ४, (आ.व. २०८२/०८३)**

आज मिति २०८२/०८/२५ गते बिहीबार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री विपना श्रेष्ठ - प्रशासकीय अधिकृत
श्री चेतन लामिछाने - कृषि प्रसार अधिकृत
श्री डा. रोशन पौडेल - पशु चिकित्सक
श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी
श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: ४**

**क. मिति: २०८२/०८/२५ गते बिहीवार**

**ख. बिहान: ११:०० बजे**

---

**क) प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा।

२. परिपत्रहरु सम्बन्धमा।

३. रकमान्तर तथा शीर्षकान्तर सम्बन्धमा।

४. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको ठेक्का व्यवस्थापन सम्बन्धमा।

५. विभिन्न विधेयक तथा कार्यविधि सम्बन्धमा।

६. आर्थिक विकास समितिको प्रतिवेदन सम्बन्धमा।

७. आर्थिक सहायता सम्बन्धमा।

८. जग्गा व्यवस्थापन सम्बन्धमा।

९. तोरी खेती साझेदारी कार्यक्रम सम्बन्धी उजुरी सम्बन्धमा।

१०. माटे मेला आर्थिक सहयोग सम्बन्धमा।

११. एम्बुलेन्स सञ्चालन समितिको प्रतिवेदन सम्बन्धमा।

१२. विविध समसामयिक विषयमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल एवं समीक्षा गर्दा, विभिन्न निकायबाट प्राप्त भएका परिपत्रहरूमा समावेश निर्देशन, मार्गनिर्देशन तथा सुझावहरूलाई आगमी दिनमा कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाहरु रकमान्तर तथा शीर्षकान्तरका लागी देहाय अनुसार संशोधन गर्ने तथा आगामी गाउँसभामा अनुमोदनको लागी पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<table>
<tr><th>क्र. स.</th><th>कार्यक्रम/आयोजनाको नाम</th><th>श्रोत</th><th>खर्च शीर्षक</th><th>विनियोजित रकम</th><th>थप रकम</th><th>घट रकम</th><th>संशोधित रकम</th><th>रकमान्त र शीर्षक</th><th>कायम रकम</th></tr>
<tr><td>१</td><td>पुस्तक तथा सामाग्री खर्च</td><td>प्रदेश राजस्व बाँडफाँट</td><td>२२३१३</td><td>४०००००</td><td>०</td><td>२०००००</td><td>२०००००</td><td rowspan="12">आ.व. २०८१/ ०८२ मा म्याद थप भएका योजना हरु</td><td rowspan="12">४७०००००</td></tr>
<tr><td>२</td><td>कर्मचारी तालिम</td><td>संघीय राजस्व बाँडफाँट</td><td>२२५२११</td><td>४०००००</td><td>०</td><td>४०००००</td><td>०</td></tr>
<tr><td>३</td><td>न्यायिक समिति मुद्दा व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद</td><td>संघीय राजस्व बाँडफाँट</td><td>२२४१२</td><td>४०००००</td><td>०</td><td>४०००००</td><td>०</td></tr>
<tr><td>४</td><td>सिप विकास तथा जनचेतना तालिम गोष्ठी</td><td>प्रदेश राजस्व बाँडफाँट</td><td>२२५१२</td><td>३०००००</td><td>०</td><td>३०००००</td><td>०</td></tr>
<tr><td>५</td><td>लिजा एफआरए पाम्स लगायत अन्य तथ्याङ्क प्रणाली प्रविष्टि व्यवस्थापन खर्च</td><td>संघीय समानिकरण</td><td>२२५२२</td><td>१०००००</td><td>०</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>संघीय राजस्व बाँडफाँट</td><td>२२६१३</td><td>५०००००</td><td>०</td><td>१०००००</td><td>४०००००</td></tr>
<tr><td>७</td><td>अन्य भ्रमण खर्च</td><td>प्रदेश राजस्व बाँडफाँट</td><td>२२६१९</td><td>३०००००</td><td>०</td><td>१०००००</td><td>२०००००</td></tr>
<tr><td>८</td><td>अन्य सेवा शुल्क</td><td>संघीय राजस्व बाँडफाँट</td><td>२२४१९</td><td>९९२७९४</td><td>०</td><td>२०००००</td><td>७९२७९४</td></tr>
<tr><td>९</td><td>मेलमिलाप कर्तालाई तालिम</td><td>संघीय राजस्व बाँडफाँट</td><td>२२५१२</td><td>२०००००</td><td>०</td><td>२०००००</td><td>०</td></tr>
<tr><td>१०</td><td>जलेश्वर महादेव मन्दिर क्रमागत लिखु १</td><td>प्रदेश समानीकरण</td><td>३११५१</td><td>२०००००</td><td>०</td><td>२०००००</td><td>०</td></tr>
<tr><td>११</td><td>कोलचौर आँपडाँडा कुवापानी खोला सडक लिखु २</td><td>संघीय समानीकरण</td><td>३११५१</td><td>९०००००</td><td>०</td><td>२०००००</td><td>७०००००</td></tr>
<tr><td>१२</td><td>भिमसेनस्थान देविथान राङभाती सडक मर्मत तथा तारजाली लिखु ३</td><td>संघीय समानिकरण</td><td>३११५९</td><td>५०००००</td><td>०</td><td>२०००००</td><td>३०००००</td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | मगरसेरा ठुलोखोला घाट सडक निर्माण आयोजना लिखु ३ | प्रदेश समानीकरण | ३११५१ | २५०००० | ० | ५०००० | २००००० | | |
| १४ | कुण्डलेश्वर महादेव सडक निर्माण आयोजना लिखु ८ | संघीय समानीकरण | ३११५१ | ३००००० | ० | ३००००० | ० | | |
| १५ | जुकेखोला झगरे ह्युमपाइप | संघीय समानीकरण | ३११५६ | २५०००० | ० | २५०००० | ० | | |
| १६ | यसम मा वि यसम थप कक्षाकोठा व्यवस्थापन लिखु ४ | संघीय समानीकरण | २२५२२ | ३००००० | ० | ३००००० | ० | | |
| १७ | हेलीप्याड निर्माण आयोजना लिखु ७ | प्रदेश समानीकरण | २२५२२ | २००००० | ० | २००००० | ० | | |
| १८ | सार्वजनिक शौचालय निर्माण आयोजना लिखु ७ | संघीय समानीकरण | ३११५९ | २००००० | ० | २००००० | ० | | |
| १९ | महिला सञ्जालको तरकारी संकलन केन्द्र व्यवस्थापन | संघीय समानीकरण | २२५२२ | ३००००० | ० | ३००००० | ० | | |
| २० | अचार बनाउने तालिम | आन्तरिक श्रोत | २२५२२ | ३००००० | ० | ३००००० | ० | | |
| २१ | काफ्लेटार सडक घेराबार | प्रदेश समानीकरण | २२५२२ | २००००० | ० | २००००० | ० | | |
| | | | **जम्मा** | ७४९२७९४ | | ४७००००० | २७९२७९४ | | ४७००००० |

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकालाई सङ्घीय सरकारको विशेष अनुदान अन्तर्गत लिखु गाउँपालिका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका लागि प्राप्त बजेट रु. १,६५,००,०००/-(अक्षरेपी १ करोड ६५ लाख) को सम्बन्धमा गाउँपालिकाको न्यून आन्तरिक स्रोतका कारण अस्पतालमा बाँकी रहेको पूर्वाधारको काम समेत सोही विशेष अनुदानबाटै गर्नुपर्ने भएकाले विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ बमोजिम पाँच शैया आधारभूत अस्पताललाई प्रभावकारी रुपमा सञ्चालन गर्न देखापरेका तत्कालीन आवश्यकता तथा विशेष अनुदान माग गर्दा पेश गरेको प्रस्तावना समेतका आधारमा अस्पतालमा अत्यावश्यक पूर्वाधार निर्माण गर्न, अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण खरिद गर्न तथा अत्यावश्यक औषधी समेत खरिदका लागि प्रचलित कानुन बमोजिम आवश्यक प्रकृया अगाडि बढाउन निर्देशन दिने तथा उक्त कार्यहरु फरक फरक प्रकृतिको भएकोले प्राप्त बजेटलाई आवश्यकता अनुसार टुक्राएर खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको विधेयक समितिबाट पेश भएका विधेयक तथा कार्यविधिहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो। विधेयक तथा कार्यविधिहरु यसैसाथ संलग्न छ।

क. स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ पारित गर्नका लागि आगामी गाउँ सभामा पेश गर्ने।

ख. लिखु गाउँपालिकाको आर्थिक कारोवारको लेखापरीक्षणबाट देखिएको बेरुजु फस्यौंट कार्यलाई सरल र व्यवस्थित बनाउन लिखु गाउँपालिकाको बेरुजु फछर्यौट कार्यविधि, २०८२ पारित गर्ने ।

ग. लिखु गाउँपालिका र अन्तर्गत कार्यरत कर्मचारीको व्यक्तिगत तथा सामुहिक आचरणलाई निष्पक्ष, पारदर्शी, लोकतान्त्रिक एवम् सेवामूलक बनाई समग्र गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तथा कर्मचारीको आचरण तथा व्यवहारलाई सदाचारयुक्त, सहयोगी, सेवामुखी, अनुशासित, मर्यादित र व्यवस्थित बनाउन वाञ्छनिय भएकोले कर्मचारी आचारसंहिता, २०८२ पारित गर्ने ।

घ. लिखु गाउँ सभाको कार्यसम्पादन गर्नका लागि गाउँ सभाको सचिवालयको स्थापना गर्न र सचिवालयको कार्यसञ्चालन प्रक्रियालाई थप स्पष्ट, प्रभावकारी बनाउन वाञ्छनीय भएकोले गाउँसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि, २०८२ पारित गर्नका लागि आगामी गाउँ सभामा पेश गर्ने ।

ङ. लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२ गाउँ सभाको नियमित कार्यमा सहयोग पुर्याउन, गाउँपालिकाको वित्तीय व्यवस्थापनमा मितव्ययिता, पारदर्शिता कायम राख्न, समितिको गठन, कामकारबाही र आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२ पारित गर्नका लागि आगामी गाउँ सभामा पेश गर्ने ।

च. लिखु गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा योजनालाई प्रभावकारी, गुणस्तरीय र उत्तरदायी बनाउने उद्देश्यले, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा संलग्न प्राविधिक, कृषि तथा पशुपन्छि शाखाका कर्मचारीलाई प्रोत्साहनस्वरूप फिल्ड भत्ता प्रदान गर्न आवश्यक भएकोले फिल्डभत्ता सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने ।

छ. लिखु गाउँपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने भएको र आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा लिखु गाउँपालिकाको कामको प्रकृति अनुरुप नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणका गतिविधि, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कनजस्ता बिषयलाई समेट्नु पर्ने भएकोले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि, २०८२ पारित गर्ने ।

ज. लिखु गाउँपालिकाका कृषकहरूले उत्पादन गरेको कृषि उपजहरूलाई सहज ढुवानीको पहुँच पुर्‍याइ उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गर्ने उद्देश्यले लिखु गाउँपालिकाले कृषि एम्बुलेन्स सेवा संचालन गर्न कार्यविधि आवश्यक भएकाले कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८२ पारित गर्ने ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा, असोज १६,१७ र १८ गते परेको भीषण बर्षाका कारण लिखु गाउँपालिका क्षेत्रमा धानबालीमा भएको क्षती सम्बन्धमा लिखु गाउँपालिकाको आर्थिक विकास समितिले पेश गरेको क्षति सम्बन्धी प्रतिवेदन माथि छलफल गरी क्षति भएका किसानहरुलाई आगामी दिनमा गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा प्राथमिकता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको आर्थिक सहायता नियमावली, २०७७ को नियम ४ र ५ बमोजिम आर्थिक सहायता शीर्षकबाट देहाय बमोजिम आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो ।

क) लिखु गाउँ कार्यपालिकाको कार्यपालिका सदस्य वडा नं. ८ निवासी श्री इला बहादुर मुदेलको स्पाइनल इन्जुरीका कारण जटिल शल्यक्रिया भएकोले निजलाई आर्थिक सहायता स्वरुप रु. ५०,०००/- (अक्षेरेपी पचास हजार रुपैया) दिने निर्णय गरियो ।

ख) लिखु गाउँ कार्यपालिका कार्यालयको आयुर्वेद शाखामा कार्यरत कर्मचारी श्री सन्तोष कुमार यादवको मस्तिष्कघातका कारण जटिल शल्यक्रिया गरी प्यारालाइज भएकाले निजलाई आर्थिक सहायता स्वरुप रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैंया) दिने निर्णय गरियो ।

ग) लिखु गाउँपालिका वडा नं. ७ निवासी श्री शान्त माया दर्जीको पती छत्र बहादुर दर्जीको मिति २०८२/०३/२२ गते निधन भएको र मृतकको शरीर पोष्टमार्टमका लागि मन्थली लगेको गाडी ढुवानी बापतको रकम रु. २५०००/- (अक्षरेपी पच्चिस हजार रुपैंया) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका वडा नं. ९ को वडा कार्यालयका लागि जग्गा प्राप्ति प्रयोजनार्थ लिखु गाउँपालिका वडा नं. ९ स्थित श्री प्रेम माया तामाङको नाममा रहेको कित्ता नं. ५९ को क्षेत्रफल १०-४-३-० बाट १-८-०-० जग्गा वडा कार्यालयलाई रजिष्ट्रेशन पास गर्नका लागि मालपोत कार्यालय खिजिफलाटे समक्ष सिफारिस गर्ने साथै जग्गा पास गर्नका लागि वडा सदस्य श्री ङावा शेर्पालाई प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८०/०८१ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लिड्स नेपालसँग तोरी खेती साझेदारी कार्यक्रमका सम्बन्धमा अनियमितता भएको भनी उजुरी परेको हुनाले सो सम्बन्धमा छानविन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिम छानविन समिति गठन गर्ने निर्णय गरियो ।

क) श्री पुरुषोत्तम पौडेल - संयोजक

ख) श्री तारा बहादुर तामाङ - सदस्य

ग) श्री चेतन लामिछाने - सदस्य

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका वडा नं. ६ स्थित सिद्धेश्वर महादेव मन्दिरमा बाला चतुर्दशीको अवसरमा जनजागरण युबा क्लबले माटे मेला आयोजना गरी विभिन्न कार्यक्रम सम्पन्न गरेकोले गाउँपालिकाबाट आवश्यक आर्थिक सहयोगका लागि वडा कार्यालयको सिफारिसका साथ निवेदन पेश गरेकोले आयोजक संस्थालाई अन्य संस्थाहरुलाई सहायता शीर्षकबाट रु. ६०,०००/- (अक्षरेपी साठी हजार रुपैंया) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८१/०८२ को एम्बुलेन्सको वार्षिक आय तथा व्यय यकिन गर्न गठित छानविन समितिबाट पेश हुन आएको निर्णय तथा प्रतिवेदन बमोजिम एम्बुलेन्स सञ्चालनबाट प्राप्त राजश्व बैंकमा दाखिला गरी त्यसको सक्कल भौचर प्रचलित आर्थिक ऐन बमोजिम निर्धारित समयसीमा भित्र लिखु गाउँपालिका कार्यालयमा बुझाउन एम्बुलेन्स चालक श्री अनोज काफ्लेलाई निर्देशन दिने निर्णय गरियो । साथै, लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१/०८२ को रसिद नबुझाई अघिल्लो आर्थिक वर्ष **(२०८०/०८१)** को भिजेको अवस्थामा रहेको रसिदका ठेलीहरू बुझाएको पाइएकाले, उक्त कार्यप्रति ध्यानाकर्षण गराई **निज एम्बुलेन्स चालकलाई एकपटकका लागि सचेत गराउने** भनी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । यसै गरी, आर्थिक वर्ष **२०८१/०८२** को महालेखापरीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनअनुसार एम्बुलेन्सको आय विवरण यकिन गरी छानबिन समितिले प्रतिवेदन पेश गरिसकेकाले, सोही बमोजिम **उक्त बेरुजु फछर्यौट गरी सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. १२,**

प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।